# नेपाल जनसंख्या संघको १५औं कार्यसमिति निर्वाचन सम्बन्धी सूचना

नेपाल जनसंख्या संघको मिति २०७३ असार ३ गतेको साधारण सभाको निर्णय अनुसार गठित तथा कार्यसमितिको मिति २०७३ भाद्र ३१ गतेको निर्णय अनुसार यो निर्वाचन समितिले संघको विधान २०३२ संसोधित विधान २०७३ को अधीनमा रही संघको १५ औं कार्य समितिको निर्वाचनको लागि संघका सवै सदस्यहरुमा निम्न सूचना जारी गर्दछ ।

१. विधानको धारा १३(१) अनुसार निम्न पदहरुमा १३(२) अनुसारको कार्यकालको लागि निर्वाचन हुनेछ :

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | २ |
| महासचिव | १ |
| कोषाध्यक्ष | १ |
| सचिव | १ |
| सदस्यहरु | ७ |

२. उम्मेदवारले परिच्छेद ३ अनुसारको सदस्यता प्राप्त गरी धारा २५ अनुसारको योग्यता पूरा गरेको हुनु पर्नेछ ।

३. संघको हाल कायम रहेको निम्नानुसारको सदस्य संख्यालाई अन्तिम नमावाली मानिएको छ । नँया सदस्यता तथा नविकरण कार्य समितिको मिति २०७३ भाद्र ५ गतेको निर्णय अनुसार स्थगित गरिएको छ । संघको विधान अनुसार कायम रहेको सदस्य संख्या :

क) आजीवन सदस्य संख्या: २२५

ख) साधारण सदस्य संख्या: ० (तोकिएको समयभित्र नविकरण नभएको) ।

४. संलग्न मतदाता नामावलीमा कुनै सदस्यको नाम छुट हुन गएको भए प्रमाण सहित infopannepal@gmail.com मा सूचित गरेमा सूचि सच्याइने छ ।

५. उम्मेदवारले उम्मेदवारीको मनोनयन तोकिएको ढाँचामा तोकिएको समयमा निर्वाचन समिति समक्ष वुझाउनु पर्ने छ ।

६. योग्यता पुगेका सदस्यले विधानको धारा २५ अनुसार कुनै एक पदमा मात्र उम्मेदवारी दिने पाउनेछन् ।

७. कुनै पदमा एक मात्र उम्मेदवारी परेमा निर्विरोध निर्वाचित हुनेछ । एक पदमा एक भन्दा बढी उम्मेदवारी पर्न गएमा मतदान प्रक्रियाबाट निर्णय गरिनेछ ।

८. उम्मेदवारले मनोनयन दर्ता गर्दा निम्नानुसारको शुल्क बुझाउनु पर्नेछ :

क) अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषध्याक्ष तथा सचिव : रु ५००। (रुपैया पाँच सय मात्र)

ख) सदस्य: रु ३००। (रुपैया तीन सय मात्र)

९. उम्मेदवारले मनोनयन दर्ता गर्दा एक आजीवन सदस्य प्रस्तावक र एक आजीवन सदस्य समर्थक राख्नु पर्ने छ । एक सदस्य एक भन्दा बढी उम्मेदवारको प्रस्तावक वा समर्थक रहन सक्ने छैन ।

१०. निर्वाचन कार्यतालिका तपशील बमोजिको रहेको छ ।

क) मतदाता नामावली प्रकासनः मिति २०७३ कार्तिक ६ गते १२:०० बजे

ख) उम्मेदवारी मनोनयन दर्ता : मिति २०७३ कार्तिक ६ गते १२:३० बजे

ग) अन्तिम उम्मेदवार सूचि प्रकाशन : मिति २०७३ कार्तिक ६ गते १:१५ बजे

घ) मतदानः २०७३ कार्तिक ६ गते २ बजे देखि ४ बजे

ङ) मतगणना तथा अन्तिम नजिताः ५ वजे पश्चात